संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

२०६४ चैत २६

---

**निर्वाचनका दिन सबैले मानवअधिकारको सम्मान गर्नैपर्छः उच्चायुक्तको कार्यालय-नेपाल**

मतदाताहरूले निर्वाचनका दिन डरत्रास, हिंसा र धाकधम्कीबाट मुक्त भई आफ्ना प्रतिनिधि छान्ने आफ्नो अधिकारको उपयोग गर्न सक्ने कुरा सुनिश्चित गर्न सघाउन निर्वाचनको 'मौन अवधि'लाई प्रयोग गर्न उच्चायुक्तको कार्यालय-नेपाल सबै नेपालीलाई आग्रह गर्दछ। हल्लामा आएझैं नभई चैत २८ का दिन आफ्ना मतहरू गोप्य हुनेछन् भन्ने कुरा मतदाताहरूले बुझ्नैपर्छ।

निर्वाचनपूर्व, निर्वाचनका दिन र निर्वाचनपछि मानवअधिकारको वातावरण अनुगमन गर्न उच्चायुक्तको कार्यालयले देशभरिका सहरी क्षेत्र, क्षेत्रीय सदरमुकाम तथा गाविसहरूमा टोलीहरू खटाएको छ। यस कार्यालयले राष्ट्रिय मानवअधिकार आयोग, अन्मिन र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक मिसनहरूसँग निकटबाट सम्पर्क गरिरहेको छ।

सात दलभित्रका तीन ठूला दलका नेताहरूद्वारा गरिएको अहिंसा तथा राजनीतिक प्रतिस्पर्धीको अधिकारको सम्मान गर्ने प्रतिबद्धतालाई सर्वाधिक दुर्गम गाविस एवं प्रमुख सहरी केन्द्रमा तिनका समर्थक - युवा सङ्गठनलगायत - हरूद्वारा सम्मान गरिनैपर्छ।

उच्चायुक्तको कार्यालय व्यावसायिक तथा निष्पक्ष तरिकाबाट कानुनको शासनलाई पालना गरेर निर्वाचनमा सुरक्षा उपलब्ध गराउने प्रहरीको विशेष भूमिकालाई स्वीकार गर्दछ। उच्चायुक्तको कार्यालयले प्रहरीसँग सम्पर्क गर्नेछ र आफ्नो पैरवी कार्यमार्फत् उसलाई सहयोग गर्नेछ। यस ऐतिहासिक निर्वाचन प्रक्रियामा सहभागी बन्न रुचाउने नेपालीहरूको अधिकारको बन्द हटाउने लगायतका कार्यमार्फत् सम्मान गर्न तथा हिंसा त्याग्न यो कार्यालय सशस्त्र समूहहरूलाई पुनः आह्वान गर्दछ।

"हिंसा, धम्की वा डरत्रासद्वारा निर्वाचनको महत्त्व तथा वैधतालाई घट्न नदिनु महत्त्वपूर्ण हुन्छ। उच्चायुक्तको कार्यालयले राजनीतिक दलका समर्थकहरूको व्यवहारको अनुगमन गरिरहनेछ तथा हाम्रो पर्यवेक्षण र मानवअधिकारको उल्लङ्घन तथा दुर्व्यवहारसम्बन्धी आरोपहरूमाथिको अनुसन्धानको परिणामबारे प्रतिवेदन गरिनेछ," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org